# शारदा नगरसभा

## नगर सभाको १७ औं अधिवेशनमा प्रस्तुत

## आ.व. २०८२/०८३ को

# बजेट वक्तव्य

प्रस्तुत कर्ता :- उप-प्रमुख श्री सुस्मिता सापकोटा सुनार

२०८२ आषाढ ०५ गते

## आदरणीय सभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरु,

राजनैतिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनमा आफ्नो जीवन आहुती गर्नुहुने शहिदहरुप्रति सम्मानका साथै हार्दिक श्रद्धान्जली तथा यस क्रममा भएका घाइते, अपाङ्ग शहिद परिवार, वेपत्ता नागरिक र तीनका परिवार प्रति हार्दिक सम्मान व्यक्त गर्दछु। स्थानीय निर्वाचन २०७९ पश्चात चौथो पटक यस नगरपालिकाको बजेट प्रस्तुत गर्न गइरहेकी छु। जिल्लाको सदरमुकाममा रहेको नगरपालिकाको उपप्रमुखको हैसियतले आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्ने अवसरका लागि सभा अध्यक्ष ज्यूका साथै यस सम्मानित सभा प्रति कृतज्ञ छु। यस नगरपालिकाको भौगोलिक विषमता, जातिय विविधता, जनताका आवश्यकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता एवं आइपर्न सक्ने विपद् समेतलाई दृष्टिगत गरी यो आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माण गरेकी छु। यस नगरपालिकाका श्रद्धेय प्रमुखले पेश गर्नु भएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमलाई मार्गदर्शन मान्दै आर्थिक वर्ष २०८२/०८३ को आय-व्ययको विवरण सार्वजनिक गर्न चाहन्छु।

**सर्वप्रथम,**

**म चालु आ. व. २०८१/०८२ को हालसम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत उपलब्धी) प्रस्तुत गर्न चाहन्छुः**

## कृषि विकास

यस चालु आ.व. मा कृषि विकासतर्फ ६ वटा नयाँ व्यवसायिक कृषि फर्म दर्ता, २७ वटा नवीकरण र ५ वटा नयाँ कृषक समूह दर्ता भएका छन्। आर्थिक विकास समितिको २ वटा, प्राविधिक समितिको २ वटा, स्थानीय तह मल वितरण व्यवस्थापन समितिको ७ वटा र वडा प्राविधिक संग ४ गरी जम्मा १५ वटा बैठक बसी २३ वटा निर्णय गरिएको छ। चालु आ.व. को जेष्ठ मसान्तसम्म १ लाख ७९ हजार के.जी. डि.ए.पि. र २ लाख ९० हजार के.जी. युरीया मल विभिन्न सहकारी संस्थाहरुबाट वितरण गर्नेगरी आवश्यक प्रबन्ध मिलाईएको छ। १९५० कृषकहरुलाई परामर्श तथा आकस्मिक बाली संरक्षणका लागि निशुल्क विषादी वितरण गरिएको छ। बाली तथा पशुपन्छी उपचार सेवा केन्द्र सञ्चालन कार्यविधि, २०८१ बमोजिम वडा कार्यालय बाहेकका थप १५ स्थानहरुबाट बाली र पशुपन्छी सम्बन्धी प्राविधिक सेवा प्रदान गर्ने कार्यको सुरुवात भएको छ। मसिना तथा बास्नादार धान बालीको क्षेत्र विस्तार गर्ने उदेश्यले ३ वटा समूह तथा सहकारीसंग सम्झौता गरी कार्यक्रम सम्पन्न हुने चरणमा रहेको छ। पालिकास्तरीय माटो परीक्षण शिविर कार्यक्रम अन्तर्गत एकीकृत कृषि प्रयोगशाला, सुर्खेतको प्राविधिक सहयोगमा ४१९ वटा माटोको नमूना परीक्षण गरिएको छ। कृषकहरुको ज्ञान, सीप, क्षमता र धारणामा परिवर्तन ल्याउन कृषक समूह तथा सहकारीहरुको माग बमोजिम १८६ जना कृषकहरुलाई आवश्यकता अनुसार स्थलगत रुपमा पुगी तालिम प्रदान गरिएको छ। कृषकहरुलाई प्राङ्गारीक खेति तर्फ उन्मूख गराउने उदेश्यले वडा नं. ६ बरलामा सिप्रेड संस्थाको सहयोगमा सामुदायिक सिकाई केन्द्रको स्थापना गरिएको छ। प्राङ्गारीक खेति सम्बन्धी तालिम तथा निशुल्क झोल विषादी बनाउने सामग्री वितरण कार्यक्रम अन्तर्गत रासायनिक विषादि बढी प्रयोग हुने वडाका जम्मा ६३ जना कृषकहरुलाई प्राङ्गारीक खेति सम्बन्धी तालिम तथा निशुल्क रुपमा झोल विषादी बनाउन प्लाष्टिक ड्रमहरु वितरण गरीएको छ। यस वर्ष मकैको मनकामना ३ जातको २२०० के.जी. र धानको सावित्री जातको २०० के.जी. उन्नत बीउ कृषकहरुको माग अनुसार वितरण गरिएको छ। ६९० जना विपन्न कृषकहरुलाई तरकारी बालीहरुको मिनीकिट बीउ वितरण गरिएको छ। कृषि क्षेत्रको व्यवसायीकरणको

लागि कृषकहरुको माग बमोजिम ४४ वटा मल्चिङ प्लाष्टिक रोल, १७ वटा थोपा सिँचाई सेट, ४ वटा फूट स्प्रे टंकी र १५ वटा ह्याण्ड स्प्रे टंकी वितरण गरिएको छ। नगरमा पहिलो पटक कफी खेतिको लागि वडा नं. ५ लाई पकेट क्षेत्र घोषणा गरी चालु आ.व. मा करीब १०० रोपनी क्षेत्रमा कफी खेतीको विस्तार गरिएको छ। नगरका जम्मा ४० कृषकहरुको गहुँबालीको बाली कटानी गरी कार्य सम्पन्न गरीएको छ जसमा गहुँवालीको उत्पादकत्व ३४९४ के.जी ७ सय ५० ग्राम प्रति हेक्टर रहेको पाईएको छ। पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको समन्वयमा २० रोपनी क्षेत्रमा सुन्तला फलफूलको विस्तार कार्य प्रारम्भ भएको छ। कृषि विकास कार्यालय, सल्यानको सहयोगमा ५० जना कृषकहरुलाई बेसारको प्रशोधनका लागि विभिन्न सामाग्रीहरु वितरण गरिएको छ। २०० जना कृषकहरुको समुस्पस्थितिमा पालिकास्तरीय प्रथम किसान सम्मेलन कार्यक्रम सम्पन्न गरिएको छ। मकैको फैँद कटुवाको व्यवस्थापनको लागि कृषि विकास कार्यालय, सल्यानको सहयोगमा वडा नं. ६, ९ र १२ का जम्मा २४० कृषकहरुलाई आकस्मिक बाली संरक्षणका अन्तर्गत निशुल्क विषादी वितरण गरीएको छ।

## पशुपंछी विकास

आ.ब.२०८१/०८२ सम्म दर्ता भएका व्यवसायिक फर्महरुमा बाख्रा पालन फार्म-६० वटा, लोकल कुखुरा -२९, भैसी फार्म-२०, ब्रोइलर कुखुरा फार्म-२०, बंगुर फार्म-१६, पशुपंछी फार्म-६, कालिज फार्म-१, लेयर्स कुखुरा फार्म-२, माछा पालन फार्म-६, प्रजनन् फर्म-२, घाँस नर्सरी-१, मासु पसल-११, विशिष्ट जातको पँछी फार्म-२, डेरी पसल-७, पाराभेट-३, कृषि कम्पनी-२ वटा रहेका। साथै यस आ. व. मा पशुपंछीको औषधी उपचार संख्या १७३०३३, ५१ हजार भेडा/ बाख्रामा पि.पि.आर. रोग विरुद्धको भ्याक्सिनेसन, ५ वटा वडाहरुमा १ दिने निःशुल्क पशु स्वास्थ्य शिविर संचालन, जुनोटिक रोग सम्बन्धी ५ वटा स्कुलमा स्कुल शिक्षा कार्यक्रम, छाडा रुपमा सार्वजनिक स्थलमा छाडेका पशुपंछीको व्यवस्थापन र जरिवाना (११ हाँस र २० गाइ/गोरु), विश्व रेविज दिवश कार्यक्रम मनाउदै २५० कुकुरमा निःशुल्क रेविज बिरुद्धको भ्याक्सिनेसन, पशु आहारा तथा स्वास्थ्य सुधारका लागि प्रोयोबायोटिक्स तथा घाँसको विउ विरुवा वितरण र कृतिम गर्भाधान संख्या ४६ रहेको छ। यसैगरी वार्ड नं ११ मा गौशाला व्यवस्थापन गरिएको छ, जसमा ५३ गाई वाच्छा तथा ३ जना कर्मचारी रहेका छन्।

## सहकारी, वित्तीय संस्था तथा गै. स. स.

यस आ. व. २०८१।०८२ मा सूचीकृत हुन आउने सहकारी संख्या १२ रहेका छन् भने सक्रिय सहकारी संख्या २१ रहेको छ। नियमित प्रतिवेदन पेश गर्ने सहकारीको संख्या ९ र ५ सहकारीको अनुगमन गरिएको छ। सहकारी कोपोमिस तालिम सञ्चालनको तयारीमा रहेको छ। नगरपालिकाभित्र ४४ वटा गैर सरकारी संस्था क्रियाशील रहेका छन्।

## उद्यम विकास तथा व्यवसाय दर्ता नवीकरण

व्यवसाय दर्ता ४४ वटा, नवीकरण २१५ वटा, खारेजी २३ वटा, पूँजी वृद्धि ७ वटा , नामसारी १ वटा, कारोबार संशोधन ९ वटा, सक्कलै फाईल घरेलु कार्यालयमा पठाएको ७ वटा, प्रतिलिपि ३ वटा, अन्य निकायमा दर्ता भई सूचीकृत हुन आएका ९ वटा रहेका छन्।

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत शारदा नगरपालिका वडा नं.१०/११ मा १ दिने अभिमुखिकरण कार्यक्रमबाट ३० जना सहभागी लाभान्वित, ७ दिने उद्यमशिलता विकास तालिम ३० जना, उद्योग तथा

उपभोक्ता हित संरक्षण कार्यालय, सल्यान र नगरपालिकाको साझेदारीमा ३ महिने आधारभूत सिलाई कटाई तालिम तथा सिलाई मेसिन प्राप्त गर्ने संख्या १७ जना, वडा नं.१४ मा स्तरोन्नती (एडभान्स ) सम्बन्धि १५ दिने मुढा बुनाई तालिमबाट १५ जना सहभागी लाभान्वित, शारदा नगरपालिका वडा नं. ९ मा स्तरोन्नती अन्तर्गत १५ जना लघु उद्यमी समूहलाई प्रविधि हस्तान्तरण तथा वार्ड नं १० मा साझा सुविधा केन्द्र स्थापनाको अन्तिम तयारीमा छ।

## प्रधानमन्त्री तथा मूख्यमन्त्री रोजगार

आ.व.२०८२/८३ का लागि ३५५५ जना वेरोजगार सूचीमा सूचीकृत भएका छन् । यस आ. व. मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १५ वटा रहेका छन्, जसको आयोजना लागत ५६ लाख ५२ हजार रहेको छ। त्यसैगरी मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १५ वटा आयोजना सञ्चालनमा रहेका छन्, जसको आयोजना लागत २ करोड २५ लाख रहेको छ। श्रम स्वीकृति सहजीकरण विभिन्न वडाका गरि जम्मा- १८ वटा। वैदेशिक रोजगारीमा गई मृत्यु भएका परिवारलाई उपलब्ध गराईने आर्थिक सहायताका लागि सहजीकरण-३ वटा । वैदेशिक रोजगारीमा गई अपाङ्गता भएकालाई अङ्गभङ्ग आर्थिक सहायता सहजीकरण-१ वटा। वैदेशिक रोजगारीमा गई मृत्यु भएका व्यक्तिको शव झिकाउन सहजीकरण-१ वटा। शव ढुवानी सहजीकरण- १ वटा। वैदेशिक रोजगारीमा गई मृत्यु भएका व्यक्तिका सन्ततीलाई सन्तती छात्रवृत्ति-४ वटा।

## नापी तथा भूमि व्यवस्थापन

यस आर्थिक वर्षमा घर नक्सा तर्फ नयाँ घर नक्सा पास २ र पुरानो अभिलेखीकरण १४ वटा भएका। वडा नं. १ श्रीनगर स्थित सार्वजनिक, प्रति ऐलानी जग्गा र सो जग्गामा बनेका कच्ची वा पक्की संरचनालाई बहाल विटौरी करको दायरामा ल्याउनको लागि ३५ जना व्यक्तिहरुको लगत संकलन र जग्गा रेखाङकन गरिएको । वडा नं. १२ स्थित रेशमज्यूलामा अटो भिलेज व्यवसायीले प्रयोग गरेको सार्वजनिक जग्गा र सो जग्गामा बनेका कच्ची वा पक्की गरी १५ वटा अटो भिलेज व्यवसायीको जग्गा रेखाङकन सहित लगत संङकलन कार्य सम्पन्न गरेको। वडा नं १३ सांघारज्यूलामा रहेको सार्वजनिक जग्गा जस्तै कुलो, बाटो र खोला गरी करीब १०० रोपनी जग्गाको फिल्ड रेखाङ्कन साथै सो जग्गामा बनेका कच्ची वा पक्की संरचनाहरुलाई वहाल बिटौरी करको दायरामा ल्याउनको लागि ५१ जना व्यक्तिहरुको लगत ससंकलन कार्य सम्पन्न गरिएको । शारदा नगरपालिका भित्र खानेपानी क्षेत्रगत सुधार तथा पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत शारदा नगरपालिका वडा नं. ५, ८, ९ र १० का विभिन्न स्थानमा निर्माण हुने खानेपानी ट्याङ्कीहरुको स्थान छनौट गरी करिब ३५ रोपनी जग्गाको फिल्ड रेखाङ्कन सहित आयोजनाको नाममा जग्गा ल्याउने कार्य सम्मन्न गरिएको।

## शिक्षा, युवा तथा खेलकुद

१. यस आर्थिक वर्षमा नगरपालिका भित्र सञ्चालित सामुदायिक र संस्थागत गरि ६८ वटा विद्यालय अनुगमन तथा निरीक्षण गरी शैक्षिक अवस्था, भौतिक अवस्था, आर्थिक र सामाजिक तथा वातावरणीय अवस्थाको बारेमा पृष्ठपोषण।
२. नगरपालिकाको वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरि शैक्षिक कार्यक्रम सञ्चालन
३. १४ वटा नगरशिक्षा समिति वैठक सञ्चालन

४. स्थलगत अनुगमनबाट प्राप्त विद्यार्थी तथ्यांकका आधारमा नगर शिक्षण सहयोग अनुदान वितरण,

५. श्री त्रिभुवन जन माध्यमिक विद्यालय शा न पा २ लुहापिङ्गको नमुना विद्यालय सञ्चालन तथा व्यवस्थापन विनियमावली २०८१ लाई मूर्त रुप प्रदान

६. वडा शिक्षा समिति मार्फत टोल सिकाइ समूह गठन

७. संस्थागत विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधी निर्माण

८. शैक्षिक सत्र २०८२ को शैक्षिक कार्यक्रम सञ्चालनको लागि ३ सदस्यीय मार्ग चित्र निर्माण समिति गठन

९. दरबन्दी मिलान कार्यदल गठन गरि कार्यारम्भ

१०. विद्यालयहरुमा भएका समस्या समाधानका लागि सुझावहरु प्रदान तथा विद्यालयमा विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गरे नगरेको अनुगमन तथा निरीक्षण

११.मासिक प्र.अ. बैठक सञ्चालन तथा व्यवस्थापन ६७ वटा विद्यालयका प्रधानाध्यापकहरुसँग शैक्षिक गतिविधिहरुको वारेमा छलफल।

१२.शारदा नगरपालिकाका सम्पूर्ण संस्थागत विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन भएको।

१३. नगरपालिकाका १५ वटा वडाहरुमा २५ वटा अभिभावक शिक्षा कार्यक्रम सम्पन्न

१४.साक्षरता कार्यक्रमको लागि पुस्तकालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी १५ जनालाई ३ दिने तालिम कार्यक्रम सञ्चालन तथा सम्पन्न

१५.शिक्षा युवा तथा खेलकुद शाखा र स्याक (SAC) नेपालको समन्वयमा नगर शिक्षा योजना अध्यावधिकको लागि ८० जना प्र.अ. तथा शिक्षा सरोकारवालालाई अभिमुखिकरण गरी प्रारम्भिक तथ्यांक संकलन

१६.अपांगता सम्बन्धी प्रारम्भिक पहिचान (Early Disability Screening) कार्यक्रमको लागि २५ जना, विपद्को समयमा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना ReAl Plan ५६ जना, आधारभूत तथा माध्यमिक विद्यालयका ३१ जना IT स्रोत शिक्षकहरुका लागि सूचना प्रविधी सम्बन्धी ४ दिने क्षमता विकास तालिम सम्पन्न, IEMIS तालिममा २७ जना शिक्षक सहभागी, ३७ जना शिक्षकलाइ एकीकृत पाठ्यक्रम कस्टमाइज्ड तालिम, १५ जना शिक्षकलाइ साक्षरता र पुस्तकालय व्यवस्थापन तालिम सञ्चालन।

१७.सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुका लागि शैक्षिक नीति तथा कार्यक्रमहरु सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न

१८.१६ वटा माध्यमिक विद्यालयका विद्यार्थीहरुको सहभागितामा पालिका स्तरीय सातौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम मिति २०८१। १०।२८ देखी २०८१।१०।३० गते सम्म सञ्चालन भएको।

१९.जिल्लास्तरीय १५ औँ राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम मिति २०८१ फाल्गुन १५ देखि २० गते सम्म सञ्चालन भएको प्रतियोगितमा जिल्लास्तरमा प्रथम भएको।

२०. सामुदायिक सिकाइ केन्द्रहरुबाट ९० जनालाइ अचार बनाउने, मुढा बनाउने तथा क्रिष्टलका गहना बनाउने जस्ता सीपमुलक तालिम कार्यक्रम सञ्चालन तथा सम्पन्न भएको।

२१. कक्षा ५ र ८ को परीक्षालाइ व्यवस्थित गर्नको लागि ४२ जना केन्द्राध्यक्षहरुको अभिमुखिकरण कार्यक्रम।

२२.१५० जनाको उपस्थितिमा नगरस्तरीय युवा सम्मेलन कार्यक्रम श्रीनगरमा सम्पन्न

२३.नगर शिक्षा समिति पदाधिकारी, वडा शिक्षा समिति पदाधिकारी, वि व्य स, शि अ सं , शिक्षक कर्मचारी सहित २०८२ बैशाख २ गतेदेखि ७ गतेसम्म शैक्षिक सत्र २०८२ को व्यानर सहित भर्ना अभियान सञ्चालन

२४. नगर शिक्षा समिति, वि व्य स अध्यक्ष, शि अ सं , प्रधानाध्यापक , शिक्षक तथा सरोकारवालाहरु र कक्षा ५ र ८ को परीक्षामा खटिएका केन्द्राध्यक्षहरुको सहभागितामा वृहत शैक्षिक भेला २०८२ सम्पन्न ।

२५. २५०० जनाको सहभागितामा नगर स्तरीय तेस्रो पढाइ मेला २०८२ सञ्चालन गरि सम्पन्न गरिएको । जस्माः विद्यार्थीमा पठन संस्कृतिको विकास गर्न पठन सीप प्रतियोगितामा ३९ वटा विद्यालयका कक्षा ३ का विद्यार्थीको सहभागिता, माध्यमिक तह स्तरीय चित्रकला प्रतियोगितामा १६ वटा विद्यालय, माध्यमिक तह स्तरीय कविता प्रतियोगितामा १७ वटा विद्यालयको सहभागिता । आधारभूत तह कक्षा १-५ का १४ वटा स्टल, आधारभुत तह कक्षा ६-८ का १० वटा स्टल,माध्यमिक तह ९-१२ का ११ वटा स्टल, प्राविधिक धार सञ्चालन भएका विद्यालय, क्याम्पस र शिक्षालयबाट ६ वटा स्टल राखिएको । उत्कृष्ट वि व्य स अध्यक्ष २ जना (प्रा वि १, मा वि १), उत्कृष्ट प्र अ ३ (प्रा वि १, मा वि २ ), उत्कृष्ट शिक्षक ५ जना (प्रा वि ३, नि मा वि १ र मा वि १ ) उत्कृष्ट विद्यालय कर्मचारी १ जना, उत्कृष्ट बालविकास शिक्षक १ जना र उत्कृष्ट विद्यालय सहयोगी १ जना र शैक्षिक सत्र २०८१ को कक्षा ५ र ८ को वार्षिक परीक्षामा खटिएका उत्कृष्ट केन्द्राध्यक्ष २ जना गरि जम्मा १५ जना लाई सम्मान गरिएको साथै शैक्षिक सत्र २०८० को माध्यमिक शिक्षा परीक्षा कक्षा १० मा सामुदायिक र संस्थागत विद्यालयबाट उत्कृष्ट नतिजा प्राप्त गर्ने ५ जना छात्र छात्रा, शैक्षिक सत्र २०८१ को कक्षा कक्षा ५ र ८ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने छात्र र छात्रा ८ जना र १५ औ जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विभिन्न विधामा स्वर्ण पदक प्राप्त गर्ने खेलाडी २१ जना गरि जम्मा ३४ जना विद्यार्थीहरुलाई पुरस्कृत तथा सम्मान गरिएको ।

२६. शारदा नगरपालिकामा अध्ययनरत १० हजार विद्यार्थीको प्रथम /दोश्रो त्रैमासिक र वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन

२७. माध्यमिक र आधारभुत विद्यालयहरुमा शिक्षण सहयोग अनुदान वितरण

२८. विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत विकास सहयोगको लागि माध्यमिक तहका १० जना र लिडर विद्यालय र फिडर विद्यालयका लागि ११ जना रोष्टर विज्ञ गठन तथा परिचालन

२९. जनकल्याण आ वि शा न पा ५ तल्लो मार्केमा आवासीय छात्रावास सञ्चालन

३०. प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित बालविकास शिक्षकहरुलाई ८ दिने तालिम सञ्चालन तथा व्यवस्थापन,

३१. शारदा नगरपालिका अन्तर्गतका माध्यमिक तथा आधारभूत तहका विद्यालयमाहरुमा Sanitary Pad Burning Machine वितरण, हस्तातरण तथा जडान कार्य,

३२. संविधान दिवशको अवसरमा शिवजन माध्यमिक विद्यालयमा दृष्टिविहिन छात्र छात्रालाई झोला वितरण कार्य

३३. माध्यमिक विद्यालयहरुमा ४ जना खेलशिक्षक नियुक्त गरि विद्यालयमा खटाइएको छ ।

## स्वास्थ्य तथा पोषण

यस आ.व.मा हाल सम्म ३७५१० जनाले बहिरङ्ग उपचार ( OPD ) सेवा पाएका छन । पूर्णखोप पाएका बालबालिकाको संख्या ४६५ जना, उप प्रमुख पोषण कोशेली कार्यक्रमबाट १४४ जना सुत्केरी र १५ पटक वृद्धि अनुगमन गरेका बालबालिकाको संख्या १२१ जना, ७० बर्ष माथिका जेष्ठ नागरिक अशक्त अपाँगहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम पहिलो र दोस्रो चौमासिकमा कूल ३१५० जनालाई सेवा प्रदान, ६ स्थानमा पाठेघरको क्यान्सरको स्क्रिनिङ क्याम्प संचालन गर्दा

१७६ जनामा ६ जना पोजेटिभ, पाठेघर खसेको परीक्षण २२५ जनालाई गर्दा १८ जनालाई रिङपेसरि राखिएको र ७ जनालाई रेफरल सेवा प्रदान गरिएको। स्तन क्यान्सरको परीक्षण २२५ मा गर्दा १ जना संकास्पद भई रेफर गरिएको। विभिन्न ७ वटा वडा र २८ सामुदायिक बिद्यालयहरुमा नेपाल नेत्र ज्योति संघको प्राबिधिक सहयोगमा ४७५० जनाको निःशुल्क आँखा जाँच गरी ६२८ जनालाई चस्मा वितरण। त्यसैगरी नेपाल नेत्र ज्योति संघ तथा आँखा अस्पताल तुल्सीपुर, दाङको प्राविधिक सहयोगमा ७ वटा स्वास्थ्य संस्थाहरुमा ६०९ जनाको आँखाको परीक्षण गरिएकोमा मोतिबिन्दु लागेका १०९ जना बिरामीहरुको शल्यक्रिया गरिएको। बिद्यालयमा अध्यनरत र बिद्यालय बाहिर रहेका १७३४ जना किशोरिहरुलाई पाठेघरको क्यान्सरबाट बचाउन एच.पि.भि. खोप सेवा प्रदान। विपन्न परिवारका ब्यक्तिहरुलाई उपचार खर्च स्वरुप आर्थिक सहयोग १० जनालाई रु.५००००।- (रुपैया पचास हजार मात्र) र कडा रोग भएका ३३ जना लाई रु.१४,८५,०००।–(रुपैया चौध लाख पचासी हजार मात्र) उपचार खर्च प्रदान। मानसिक स्वास्थ्य सेवा ३ वटा स्वास्थ्य संस्था स्वास्थ्य चौकी मार्के, कजेरी र स्यानीखाल बाट र २ वटा स्वास्थ्य संस्था स्वास्थ्य चौकी मार्के र खलंगा बाट सुरक्षित गर्भपतन सेवा शुरुवात। स्वास्थ्य चौकी हिवल्चा र स्यानीखाललाई किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था घोषणा। क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम अन्तर्गत १५ वटै वडामा क्षयरोगको स्क्रिनिङ ३३१ जनामा गर्दा १ जना पोजेटिभ। त्यसैगरि ४ स्थानमा AI Digital Machine बाट ५५७ जनाको स्क्रिनिङ गर्दा ९४ जना संकास्पद रोगी भेटिएका थिए। CB-IMNCI, PEN Package , mhGap, SBA, Implant, Minimum Initial Service Package -MISP, Gender based violence, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको तालिम र सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाको आधारभूत तालिम गरि ४७ जना स्वास्थ्य कर्मीहरलाई तालिम प्रदान। त्यसैगरी भगनी सम्बन्ध रहेको तारकेश्वर नगरपालिका काठमाण्डौबाट ख वर्गको १ थान एम्बुलेन्स प्राप्त भएको छ। नियमित मासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा निरन्तर भैरहेको।

## महिला, बालबालिका जेष्ठ नागरिक तथा समाज कल्याण

यस आर्थिक वर्ष २०८१।८२ मा अपाङ्गता परिचयपत्र वितरण ४७ वटा, बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम अन्तर्गत ८९ जनाको खाता खोलिएको, लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत जिल्ला प्रहरी कार्यालयको समन्वयमा विभिन्न जनचेतनामुलक सडक नाटक प्रदर्शन गरी मनाईएको, अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा अपाङ्गता भएका व्यक्ति र सरोकारवाला निकायहरुबिच अन्तरक्रियात्मक कार्यक्रम गरिएको, कर्णाली प्रदेश सरकारको सहिद तथा द्धन्द्ध पिडित व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता सहिद तथा बेपत्ता पारिएका १५ जना र घाईते तथा अपाङ्गता भएका २२ जना भत्ता वितरण गरिएको, बाल विवाह अन्त्यका लागि पञ्चवर्षिय रणनीतिक योजना निर्माण गरिएको, दलित महिला बहुउदेश्यीय सहकारी संस्थाका ७ जना महिला उद्यमीहरुलाई बिउ पूँजी अन्तर्गत २४००० का दरले अनुदान रकम दिईएको, सामाजिक बिकास कार्यालयको अनाथ बालबालिकाहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत रु.२३०००। रकम सहयोग, बाल बिवाह, लैङ्गिक हिंसा रोकथाम तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम ५ वटा वडामा सम्पन्न, अपाङ्गता भएका व्यक्तिहरुलाई सहज जीवन रुपान्तरणका लागि उत्प्रेरकमुलक अभिमुखीकरण कार्यक्रम सम्पन्न, अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा महिलाहरुको सवालमा सर्वपक्षीय अन्तरक्रिया कार्यक्रम गरिएको, लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण (GESI audit) परीक्षण कार्य र लैंगिक बजेट सम्बन्धी तालिमको तयारी भएको छ। शारदा न. पा.

वार्ड नं ५ र ८ का २ जना अशक्त व्यक्तिहरुलाई नीलसागर सेवा आश्रम नेपालगंजसम्म नगरपालिकाको पहल तथा आर्थिक सहयोगमा संरक्षणका लागि सिफारिस गरिएको छ।

## पञ्जीकरण तथा सामाजिक सुरक्षा

यस आ. व.२०८१।०८२ मा व्यक्तिगत घटना दर्ता तर्फ जम्मा संख्या १४४७ जना रहेको छ। ६०४० जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई पहिलो, दोस्रो र तेस्रो त्रैमासिक छुट सहित गरी जम्मा रु १०३१८०८०९। (दश करोड एक्तीस लाख असी हजार आठ सय नौं) EFT मार्फत भुक्तानी गरिएको छ। सम्बन्धित वडा मुकाममा पुगी पहिलो, दोस्रो र तेस्रो त्रैमासिक गरी जम्मा ३३९८ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरियो। सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई अझ सुढृढ, व्यवस्थित र पारदर्शिताको लागि राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Scanner Device १५ वटै वडा कार्यालयमा जडान गरिएको छ।

## सुरक्षित आप्रबासन (सामी ) कार्यक्रम

सामी कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीमा जाने सम्भावित कामदार, वैदेशिक रोजगारीमा रहेका कामदार, वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरुलाइ लक्षित गरी निशुल्क परामर्श सेवा, निशुल्क सीप तालिम, कानुनी सहजीकरण, मनोसामाजिक परामर्श सेवा र वित्तीय साक्षरता लगायतका कार्यक्रम संचालन गरिरहेको छ। यस आ. व. २०८१/८२ मा सूचनामा पहुँच तर्फ व्यक्तिगत तथा सामूहिक परामर्श सेवा जम्मा ४३९९ (महिला १३०७), वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम ४८ रहेका छन्। न्यायमा पहुँच तर्फ आप्रवासी स्रोत केन्द्रमा दर्ता भएका समस्या २२, समाधान भएका समस्या ७, प्रक्रियामा रहेका समस्या १६ छन्। साथै वित्तीय साक्षरता जम्मा संचालन भएको कक्षा ७ समूह र सहभागी संख्या ८१ रहेका छन्।

## पूर्वाधार विकासः सडक, सिंचाई, खानेपानी, भवन तथा तटबन्ध निर्माण

आर्थिक वर्ष ०८१।०८२ मा नगरपालिका भित्र कालो पत्रे सडक ६८० मिटर, ढलान सडक १,४१३ मिटर र नयाँ ट्र्याक १२,००० मिटर निर्माण भएको छ। यसै गरी खानेपानीका ७ वटा टकीं निर्माण, ९४९ मिटर सिंचाई कुलो तथा पक्की नाला निर्माण, ५,५९५ मिटर कच्ची नाला निर्माण, ८ वटा पानीपोखरी निर्माण र १३,९०३ मिटर पाईप लाईन विस्तार भएको छ। यसै श्रीनगर बसपार्कमा निर्माणाधिन १७ कोठे २ वटा भवनको निर्माण कार्य सम्पन्न, २ वटा वडाको कार्यालय भवन निर्माण सम्पन्न र १० नं वडाको भवन ढलानको तयारीमा रहेको, ६ नं वडाको कार्यालय भवन निर्माण सुरुवात, १ वटा विद्यालय भवन निर्माण सम्पन्न, ४ वटा विद्यालय भवन निर्माणाधीन, १ वटा स्मार्ट शौचालय सम्पन्न तथा २ वटा निर्माणाधिन साथै विभिन्न ६ वटा भवनको मर्मत सम्भार गर्ने कार्य भएको छ। यसै गरी १९६ मिटर तटबन्ध निर्माण, १ वटा मन्दिर निर्माण, ८ वटा प्रतिक्षालय तथा चौतारा निर्माण, ३१२ वर्ग मिटर फिल्ड निर्माण, ७९७ मिटर घेरबार निर्माण, १२.५ मिटर ह्युम पाईप र ६९७ मिटर पक्की पर्खाल निमार्ण भएको छ। यस अविधमा गौरवको आयोजना अन्तरगत श्रीनगरमा आधुनिक बसपार्क निर्माण,

जर्खु बृहत खानेपानी आयोजना निर्माण कार्यको लागि बोलपत्र आह्वान  भई निर्माण व्यवसायी छनौट, सांघार खानेपानी आयोजना निर्माण कार्य अन्तिम चरणमा तथा वुद्धपार्क निर्माणले नगरपालिकाको विकासलाई गति दिएको छ।

## योजना शाखा

आ.व.२०८१।०८२ मा सञ्चालित आयोजना/कार्यक्रमहरुः-

| सि.नं. | प्रक्रिया | सम्झौता संख्या | २ लाख भन्दा कम आयोजना/कार्यक्रम | २ लाख भन्दा बढी आयोजना/कार्यक्रम | भुक्तानी संख्या | बाँकी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उपभोक्ता समितिबाट सञ्चालित | ६० | १२ | ४८ | ४६ | १४ | |
| २ | दरभाउ पत्रबाट सञ्चालित | ५४ | ० | ५४ | ४० | १४ | |
| ३ | बोलपत्र (टेन्डर) बाट सञ्चालित | १३ | ० | १३ | ५ | ८ | |
| ४ | कार्य-आदेश (अमानत) बाट सञ्चालित/सम्पन्न | ६५ | २३ | ४२ | ५० | १५ | |

## विपद् व्यवस्थापन

यस आ व २०८१।८२ मा विपदबाट प्रभावित भई राहातका लागि फाईल पेश गरेका  सत्र (१७) जनालाई रु. १,९८,०००/- (१ लाख ९८ हजार) रुपैयाँ राहात रकम प्रदान गरीएको छ। स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणको चरणमा रहेको छ ।  डिभिजन वन कार्यालयको समन्वयमा नगरस्तरीय वन डढेलो नियन्त्रण समन्वय समिति गठन भएको छ। अविरल बर्षा तथा हावाहुरीको कारणले क्षतिग्रस्त हुन पुगेका २ वटा विद्यालयलाई भौतिक पूर्वाधार निर्माण/सुधार लागि सामाजिक विकास कार्यालय मार्फत सम्बन्धित मन्त्रायमा सिफारिस गरिएको छ। आईपास(IPAS) नेपालले विपद व्यवस्थापनका लागि हस्तान्तरण गरेका २५ थान आगो नियन्त्रक (फाएर एक्स्टिङ्गुईशर) यन्त्र  ग्रहण गरिएको छ। वर्षातको समयमा क्षती पुगेको सडकहरुको मर्मत सम्भार गरिएको छ।

## फोहरमैला व्यवस्थापन कार्यक्रम

आ.व.०८१/०८२ को संघीय सरकारद्धारा हस्तान्तरित कार्यक्रम (बिशेष अनुदान) अन्तर्गत टिप्पर खरिद, फोहरमैला व्यवस्थापन केन्द्र जाने बाटोमा सल्याब निर्माण, फोहरमैला व्यवस्थापन केन्द्रको DPR र IEE निर्माण  कार्य सम्पन्न, वडा नं १ श्रीनगर बजार क्षेत्रमा सडक नाला सरसफाई तथा फोहर व्यवस्थापन  साथै शारदा नगरपालिकाका मुख्य बजार क्षेत्रमा ३२६

दिन फोहरमैला संकलन तथा व्यवस्थापन कार्य सम्पन्न भएको छ । श्रीनगर बजार क्षेत्रमा हरित सहर निर्माणका लागी राखिएका फूल तथा विरुवाका गमलाहरु सुरक्षा तथा हेरचाह गर्न २६८ घरधुरी संग सम्झौता , राजश्व संकलनका लागी नगरपालिकाका मुख्य बजार क्षेत्रमा ९९६ घरधुरीमा डाटा संकलन गरिएको छ । यसैगरी शहरमा व्यवस्थित डस्टविन, फोहर उठाउदा आवश्यक सुरक्षा सामाग्री खरिद तथा हरित शहर निर्माण कार्य अगाडि बढेको छ ।

## सुशासन, संस्थागत विकास तथा बैठक व्यवस्थापन

तालिम तथा अभिमुखीकरण (स्वास्थ्य २, शिक्षा ६, कृषि तथा पशु ८, खानेपानी अनुगमन तथा अन्तर्क्रिया ५), जनशक्ति परिचालन २२७ (महिला ११९, पुरुष १०८, स्थायी ८१ र करार १४६), योजना अनुगमन १०१, कार्यनगरपालिका तथा नगरसभा बैठक संख्या १८+२, समिति बैठक संख्या २०, शाखा प्रमुख बैठक ३०, वडा सचिव समन्वय बैठक संख्या ७, कृषि तथा पशु सेवा संग सम्बन्धित बैठक २०, पूर्वाधार प्राविधिसंगको बैठक ८, गै स स संगको समन्वय बैठक २, सार्वजनिक सुनुवाई २, नागरिक सन्तुष्टी सर्वेक्षण भएको, सामाजिक परीक्षण भएको संस्था ३२, अर्ध तथा वार्षिक २, आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण (वेरुजुः प्रमाण कागजात पेश गर्नु पर्ने १ करोड ६८ लाख ६२ हजार, नियमित गर्नु पर्ने २ करोड १८ लाख ५१ हजार, असुल गर्नु पर्ने १७ लाख २७ हजार र पेश्की बाँकी १६ लाख ४१ हजार) ।

## जिन्सी व्यवस्थापन

नेपाल सरकारले कार्यान्वयनमा ल्याएको जिन्सी व्यवस्थापन सम्बन्धी प्रणाली (Public Assets Management System-PAMS V-2 ) यस नगरपालिकाले पनि प्रयोगमा ल्याएको छ । खर्च भएर नजाने सामग्रीको विवरण तपसील अनुसार रहेको छ । वडा कार्यालयबाट प्रत्यक्ष खरिद गरिएका कार्यालय सामग्रीहरुलाई आगामी आर्थिक वर्ष देखि PAMS System मा ल्याउने पर्ने देखिन्छ ।

आ.व. २०८१/०८२ को जेष्ठ मसान्त सम्मको जिन्सी मौज्दात विवरण

| सि.नं. | जिन्सी विवरण | गत आ.व. सम्मको मौज्दात | चालु आ.व.को मौज्दात | हस्तान्तरण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एक्स्काभेटर | १ | ० | | १ | |
| २ | ब्याक हो लोडर | १ | १ | | २ | |
| ३ | टिप्पर | १ | १ | | २ | |
| ४ | ट्याक्टर | १ | ० | | १ | |
| ५ | डेस्कटप | ३५ | १ | | ३६ | वडा समेत |
| ६ | मोटरसाईकल | ३७ | ० | | ३७ | वडा समेत |
| ७ | स्कुटर | ३ | ० | | ३ | |
| ८ | जीप | १ | ० | | १ | |
| ९ | स्कारपियो | २ | ० | | २ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | ल्यापटप | ४५ | ४ | १ | ४८ | वडा समेत |
| ११ | डि.एस.एल.आर.क्यामेरा | २ | ० | | २ | |
| १२ | ड्रोन क्यामेरा | १ | ० | | १ | |
| १३ | प्रोजेक्टर | ३ | ० | | ३ | |
| १४ | डिजिटल डिस्प्ले बोर्ड | ४ | ० | | ४ | |
| १५ | टेवल | ४८ | ० | | ४८ | वडा समेत |
| १६ | कुर्सी | १६६ | १८ | | १८४ | वडा समेत |
| १७ | दराज | ३७ | ० | | ३७ | वडा समेत |
| १८ | सोफासेट | १२ | ० | | १२ | वडा समेत |
| **जम्मा** | | **४००** | **२५** | **१** | **४२४** | |

## सूचना प्रविधिः

यस आ. व. २०८१/८२ यस शारदा नगरपालिकाका मुख्य बजार श्रीनगर, खलंगा तथा बरला बजारमा डिजिटल डिस्प्ले बोर्ड जडान गरि उक्त डिजिटल बोर्ड मार्फत पालिकाबाट सम्पादन भएका महत्वपूर्ण कार्यहरुलाइ भिडियोको माध्यामबाट प्रशारण गर्ने गरिएको छ। Bulk SMS सेवा तथा डिजिटल नागरिक बडापत्रलाइ निरन्तरता दिइएको छ। दैनिक रूपमा नगरपालिकाको Website तथा Facebook page Update गरी पालिकामा भएका विकास निर्माणका कार्यहरुलाइ प्रचार तथा प्रशार गर्ने गरिएको छ । नगरपालिका, वडाकार्यालय , स्वास्थ्य संस्था तथा माध्यमिक विध्यालयमा Digital Attendance जडान गरिएको छ। स्थानिय तहको संस्थागत स्व-मुल्याङ्कन (LISA) मा ९३ अंकका साथ जिल्लामा प्रथम स्थान हासिल गरेको छ स्थानीय तहको वित्तिय जोखिम शुसासन (FRA) मा ८९.५ अंक प्राप्त गरिएको छ। आर्थिक विकास मुल्याङ्कन (LED) मा जिल्लामै यस नगरपालिकाले मात्र कार्य गरी ७५ अंक प्राप्त गरेको छ। वित्तीय आयोगको कार्यसम्पादन मुल्यानङ्कनमा जिल्लामा ६६.८ अंक प्राप्त गरि दोश्रो स्थानमा रहेको छ। डिजिटल पद्धतिबाट कर्मचारी लगबुक तथा भ्रमण आदेश नम्बरको सुरुवात गरिएको छ। नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेटको स्पिडमा वृद्धि गरिएको छ। प्रत्येक ३ महिनामा स्वतः प्रकाशनलाई website मा राखिएको छ । साथै अर्धवार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी Website मार्फत सार्वजिनिक गर्ने गरिएको छ।

## बजार अनुगमन

उपभोक्ता हीत संरक्षणका लागि नगरपालिका क्षेत्रभित्रका मुख्य बजार र स्थानीय बजारहरुमा स्वच्छ तथा स्वास्थ्यवर्दक खाद्यान्न, अत्याधिक मुल्यवृद्धि नियन्त्रण तथा व्यवसाय दर्ता र नवीकरणको अवस्था लगाएतका विषयहरुका सम्बन्धमा पालिकाको समन्वय र सक्रियतामा वर्षभरी ३ पटकमा गरी ११० वटा व्यवसायहरुको अनुगमन कार्य सम्पन्न गरिएको। बजार अनुगमनमा जिल्ला प्रशासन कार्यालय, सल्यान, उद्योग तथा उपभोक्ता हीत संरक्षण कार्याल, सल्यान, वाणिज्य कार्यालय, नेपालगंज, औषधी व्यवस्थापन विभाग शाखा कार्यालय नेपालगंज, जिल्ला प्रहरी कार्यालय, सल्यान, सल्यान उद्योग वाणिज्य संघ र सञ्चारकर्मीको उपस्थिति रहेको थियो।

## न्यायिक समितिः

न्यायिक समितिले आ.व. २०८१।०८२ को बार्षिक (२०८१ साउन देखि २०८१ जेठ मसान्त सम्म) उजुरी व्यवस्थापन तर्फ गरेका कार्यहरुः

| गत बर्षको जिम्मेवारी सरी आएका निवेदन | आर्थिक वर्ष २०८१/८२ मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला अदालतमा सिफारिस गरिएका निवेदन संख्या | दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|---|
| ७ | १७ | १७ | १ | ० | ७ | ० |

## राजश्व परिचालनः

यस आ. व. २०८१/८२ को हालसम्म कुल राजश्व रु ९३ लाख २९ हजार ६०६ संकलन भएको छ जसमा पालिकामा संकलन भएको रकम रु ४९ लाख ९२ हजार २९९ रहेको छ। गत आ. व. २०८०/८१ को यस अवधिमा कुल राजश्व रु ८६ लाख ७५ हजार ६९३ संकलन भएको थियो। सबैभन्दा बढी वार्ड नं १ ले रू १० लाख ६३ हजार २९८ राजश्व संकलन गरेको देखिन्छ। सिफारिश दस्तुर वापतको राजश्व सबैभन्दा बढी १८ लाख ४२ हजार रहेको छ।

## आर्थिक प्रशासनः

हालसम्मको चालु खर्चः ३२,८०,८९,६५०।२० (६४.३४%)

पूँजीगत खर्चः ९,६९,०३,१२६।०० (५६.६१%)

कुल खर्चः ४२,४९,९२,७७६।२० (६२.४%)

**आदरणीय नगरसभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरु,**

**अब म आ. व. २०८२/०८३ को बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छुः**

(क) सोचः "सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदावासी"

(ख) लक्ष्यः आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री, समावेशी न्यायपूर्ण तथा सुशासनयुक्त सभ्य समाज भएको समृद्ध नगरपालिका हुनेछ।

(ग) उद्देश्यः

(१) व्यवसायीक कृषि, पशुपंक्षीपालन एवम् पर्यटकीय क्षेत्रको विकास मार्फत कृषक, महिला एवम् यूवाहरुलाई आत्मनिर्भर बनाइ रोजगारी, आय–आर्जन र जीविकोपार्जनका अवसरहरु प्रर्वधन गर्ने।

(२) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरससफाइ, लक्षित वर्गको मुलप्रवाहीकरण, स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वद्र्धन, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरुलाई सर्वसुलभ, गुणस्तरीय र समावेशी बनाउदै मौलिकतामा आधारित विभेद रहित शारदा नगरपालिका निर्माण गर्ने ।

(३) नगरपालिका भित्र गुणस्तरीय पूर्वाधारहरुको निर्माण, सहज यातायात, व्यवस्थित तथा योजनावद्ध आवास निर्माण तथा सूचना प्रविधिमा एक अब्बल र नमूनायोग्य नगरपालिका निर्माण गर्ने ।

(४) प्राकृतिक स्रोत साधनहरुको संरक्षण तथा सम्बर्धन, जलाधार क्षेत्रको संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय निर्माण तथा आन्तरिक स्रोत साधन र क्षमताको पहिचान गर्दै सोको व्यवस्थित र प्रभावकारी परिचालनका माध्यमबाट आन्तरिक क्षमता सुदृढ गर्ने ।

(५) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय प्रभावकारी बनाउदै पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासन संयन्त्र, सहभागितामूलक पद्धति र निर्वाध रूपमा सूचनाको पहुँच प्रत्याभूति गर्न सक्ने देशकै अग्रणी स्थानीय तह बनाउने ।

**(घ) अपेक्षित उपलब्धीहरुः**

(१) कृषि तथा पशुपंछीका क्षेत्रमा आत्मनिर्भरता वृद्दि भई कृषि क्षेत्रमा रोजगारीको श्रृजना हुनेछ ।

(२) सतप्रतिशत भर्नादर कायम, विद्यालय शिक्षामा सबैको पहुँच वृद्दि हुनेछ ।

(३) स्वास्थ्य सेवा आम नागरिक समक्ष पुग्नुका साथै गुणस्तरीय स्वास्थ्य सेवामा वृद्दि हुनेछ ।

(४) महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित तथा सामाजिक बञ्चितिकरणमा परेका नागरिकलाई सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण हुनेछ ।

(५) गुणस्तरीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ ।

(६) सामुदायिक वन तथा सहकारीको सहकार्यमा साना तथा घरेलु उद्योगको स्थापना हुनेछ ।

(७) नागरिकमैत्री प्रशासनको स्थापना भई वडा तथा शाखाबाट छरितो सेवाप्रवाह हुनेछ ।

**आदरणीय नगरसभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरु,**

अब म आगामी आ.व.को बजेट तथा कार्यक्रम निर्माण गर्दा नगरपालिकाले अपनाएका आधारहरु यहाँ प्रस्तुत गर्न चाहन्छु ।

क. नेपालको संविधान (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)
ख. स्थानीय सरकार संचालन ऐन, २०७४
ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट
छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट
ज. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८

झ. नगरपालिकाका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड

ञ. नेपाल सरकारको सोह्रौं योजना

ट. दीगो विकास लक्ष्य २०१६–२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु

ड. नगरपालिको आवधिक योजना २०७९-८४

ढ. नगरपालिकाको मध्यमकालीन खर्च संरचना

ण. शारदा नगरपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

त. नगर कार्यपालिका तथा नगरसभाका निर्णयहरु

थ. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु।

द. शारदा नगरपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु।

**मूख्य आयोजना कार्यक्रमहरुको विवरणः**

**आदरणीय सभाध्यक्षज्यू, नगरसभास दस्यज्यूहरु,**

अब म आगामी आ.व. २०८२/८३ को कुल बजेट र सोको क्षेत्रगत वितरण प्रस्तुत गर्न अनुमति चाहान्छुः
आ.व.२०८२/८३ का नीति तथा कार्यक्रम कार्यान्वयन गर्न चालु तर्फ रु. ६१ करोड १७ लाख ३८ हजार र पूँजीगत तर्फ रु. ५८ करोड ११ लाख ७४ हजार गरी **कुल बजेट रु. १ अरब १९ करोड २९ लाख १२ हजार** विनियोजन गरिएको छ।

## कृषि तथा पशुपंछी

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई अर्थतन्त्रलाई गतिशील बनाईनेछ। कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गर्नका लागि निर्माण गरिएको कृषि विकास रणनीतिक गुरुयोजना अनुसार कार्यक्रम सञ्चालन गर्न समग्र कृषि तथा पशुपंछी क्षेत्रका लागि रु. ९५ लाख ७० हजार विनियोजन गरेकी छु।

## सहकारी, वित्तीय तथा गै. स. स.

यस नगरपालिका भित्र रहेका सहकारीहरुको नियमन, क्षमता विकास र प्रणाली विकासका लागि रु. १० लाख विनियोजन गरेकी छु। वित्तीय क्षेत्र तथा गैर सरकारी संस्थाहरुको सहकार्यमा रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## उद्यम विकास

व्यावसायिक विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघुउद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना गरिनेछ। संभाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तानान्तरण गरिनेछ। उद्यमीहरुको आवश्यकता पहिचानका आधारमा पुर्नताजगी र एडभान्स सीप विकास तालिम संचालन र प्रविधि हस्तान्तरण गर्न रु. २५ लाख विनियोजन गरेकी छु।

## पर्यटन विकास तथा संस्कृति प्रवर्धन

यस नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्धन गरी दीगो पर्यटनका माध्यमबाट नागरिकको आयस्तरमा वृद्दि गर्ने रणनीति अख्तियार गरिनेछ । पर्यटकीय पूर्वाधार सुधार, होमस्टे प्रवर्धन तथा होटेल व्यवसायीलाई तालिमको व्यवस्था गरिनेछ। धर्म संस्कृतिलाई पर्यटन क्षेत्रको विकाससंग जोड्दै आर्थिक क्षेत्रलाई गतिशिल बनाईनेछ। यसका लागि रु. १५ लाख विनियोजन गरेकी छु।

## शिक्षा, युवा तथा खेलकुद

शिक्षा पाउनु सवै बालबालिकाहरुको अधिकार हो। गुणस्तर शिक्षामा सहज पहुंच, टिकाउपना र निर्धारित सिकाई सक्षमता हासिल गर्न र गुणस्तरीय शिक्षामा सवै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न शिक्षाका समग्र कार्यक्रमहरु संचालन गर्न कुल रु. २५ करोड ८५ लाख विनियोजन गरेकी छु।

## स्वास्थ्य तथा पोषण

आधारभूत स्वास्थ्य सेवा सञ्चालन गर्न, सुरक्षित मातृत्व सेवालाई विस्तार र गुणस्तरीय बनाउन, औषधी खरिद गर्न, विभिन्न प्रकारका शिविर सञ्चालन गर्न तथा स्वास्थ्य संस्थाहरुको निर्माण र मर्मत सम्भारका लागि रु. ५ करोड ८९ लाख ३८ हजार विनियोजन गरेकी छु।

## खानेपानी तथा सरसफाई

स्वच्छ र सफा पानी पिउन पाउनु नागरिकको संबैधानिक अधिकार हो। नगरपालिका भित्र सञ्चालित खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाका माध्यमबाट नगरवासी नागरिकलाई स्वच्छ र सफा खानेपानी सुविधा प्रदान गर्न निर्माणाधिन आयोजनाका लागि रु. ४६ करोड २५ लाख २३ हजार विनियोजन गरेकी छु।

## महिला, बालबालिका तथा समाज कल्याण

महिला बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैगिंक अल्पसंख्यकको तथ्याकं संकलन तथा अध्यावधिक गरिनेछ। यी वर्ग र क्षेत्रका व्यक्तिहरुको क्षमता अभिवृद्धि गरी आत्मनिर्भर वनाईनेछ। जेष्ठ नागरिकलाई सम्मानका कार्यक्रमहरु संचालन गरिनेछ र उहाँहरुको ज्ञान सीप र कौशलताको यथोचित प्रयोग गरिनेछ। समाजमा रहेका कुरिति कुप्रथा, वालविवाह न्यूनीकरण, लैगिक हिंसा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ। महिला विकास कार्यक्रमद्धारा प्रर्वदित महिला सहकारी संस्थाहरुको सुदृढिकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापना र संचालन गरिनेछ। यस पालिका अन्तर्गत एक लैगिंक हिंसा निवारण कोष स्थापना गरी आवश्यक रकम जम्मा गरिनेछ। उपर्युक्त कार्यक्रमहरु संचालन गर्न रु. २० लाख विनियोजन गरेकी छु।

## पूर्वाधार विकास

यस पालिका अन्तर्गत १५ वटै वडाको सन्तुलित विकासका लागि जनताको आवश्कता माग र चाहाना परिपुर्ति गर्न वडातर्फ रु. ३ करोड र पालिका तर्फ रु. १ करोड ५८ लाख, समपुरक कोष तर्फ रु. ५ करोड ४० लाख गरी जम्मा रु. ५३ करोड ८६ लाख ७३ हजार विनियोजन गरेकी छु । आ. व. २०८१/८२ को गौरबको आयोजनाको रुपमा रहेको श्रीनगर बसपार्कको पूर्वाधार निर्माणमा रहेका बाँकी काम यसै वर्ष गरिने छ । खानेपानी आयोजनाहरुको निर्माण र कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

शारदा नगरपालिका वर्षायाममा वाढीको उच्च जोखिममा रहने र यसको प्रत्यक्ष असर शारदा नदिको किनाराका वस्तीमा पर्न जाने भएकाले तटवन्धन, वृक्षारोपण जस्ता रोकथाम तथा राहत उद्धारका कार्यक्रम संचालन गरिनेछन । विपद्को क्षेति न्यूनीकरण गर्न र यसको स्थायी समाधानका लागि संघ र प्रदेश सरकारसंग समन्वय गरी स्रोत पहिचान र परिचालन गरिनेछ । यसरी समग्र विपद् व्यवस्थापनका लागि रु. ६५ लाख विनियोजन गरेकी छु ।

## सुशासन तथा संस्थागत विकास

**म भ्रष्टाचार गर्दिन, हुन पनि दिन्न** भन्ने नारालाई सार्थक रुप दिन सेवाग्रहीमैत्री वातावरण सृजना गरी जनताको घरदैलोमा सेवा प्रदान गरिनेछ । नगरपालिकाबाट सम्पादन हुने हरेक क्रियाकलापलाई पारदर्शी बनाईने छन् । भ्रष्टाचार नियन्त्रण पारदर्शिता शुसासनका माध्यमवाट विकास निर्माणका कार्यहरुमा जनताको आधिकाधिक सहभागिता प्रर्वद्धन गरिनेछ । सेवा प्रवाहका लागि चुस्त र संक्षम प्रशासनिक संयन्त्रको आवश्यकता पर्न जान्छ । सेवा प्रवाहकाको नया प्रविधि तथा अवधारणासंग परिचित गराउन कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका तालिम संचालन गरिनेछन । कर्मचारीको मनोबल उच्च राख्दै जनताको सेवकको रुपमा रहन उत्प्रेरित गरिनुका साथै प्रोत्साहानका कार्यक्रमहरु संचालन गरिनेछन । उपर्युक्त क्रियाकलापका अतिरिक्त जनप्रतिनिधिको सेवा सुविधा र कर्मचारीको तलव भत्ता प्रशासनिक खर्च लगायतका लागि रु. १४ करोड ८८ लाख विनियोजन गरेकी छु ।

## न्यायिक समिति तथा मेलमिलाप केन्द्र स्थापना

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको काम कारवाहीलाई व्यवस्थित, नागरिकमैत्री तथा सूचना प्रविधियुक्त बनाई न्यायिक निरोपण कार्यलाई छरितो र चुस्त बनाइनेछ । मेलमिलाप कर्ताको लागि पुनर्ताजगी तालिम, कर्मचारीको क्षमता वृद्दि तालिम तथा समग्र प्रशासनिक खर्च लगायतका लागि रु. १० लाख विनियोजन गरेकी छु ।

## सूचना प्रविधिको विकास र विस्तार

सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी गुणस्तरीय भरपर्दो र विश्वसनीय बनाउन सूचना प्रविधिको उपयोग अधिकतम गरिनेछ । नगरपालिका भवन, वडा भवन स्वास्थ्य सेवा केन्द्र भवन तथा सार्वजनिक स्थानहरुमा सि सि क्यामेरा जडान गरिनेछ । ई हाजिरीलाई सम्पूर्ण कार्यालयहरुमा अनिवार्य गरिनेछ । यसका लागि रु ४० लाख विनियोजन गरेकी छु ।

## समपुरक कोष

संघ र प्रदेश सरकारको साझेदारीमा समुदायस्तरमा आवश्कता पहिचान गरी प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु संचालन गर्न रु. ५ करोड ४० लाख विनियोजन गरेकी छु।

**आदरणीय नगरसभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरु,**

अब म, संघीय तथा कर्णाली प्रदेश सरकार र आन्तरिक श्रोतबाट प्राप्त अनुदानवाट कार्यान्वयन हुने आय र व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छुः

**अनुमानित आय र व्ययको श्रोत व्यवस्थापनः**

**आ.व. ०८२।०८३ को आय- विवरण**

| आन्तरिक आय तर्फ | | |
|---|---|---|
| क्र.सं. | विवरण | अनुमानित रकम (रु.) |
| १ | सम्पत्ति कर | ५ लाख |
| २ | भूमि तथा मालपोत कर | १० लाख |
| ३ | व्यवसाय कर | ५ लाख |
| ४ | अन्यदस्तुर (अन्य कर पनि समावेश) | ५ लाख |
| ५ | अन्य सेवाशुल्क | ३ लाख |
| ६ | घर बहाल कर | १५ लाख |
| ७ | बहाल विटौरी कर | ५ लाख |
| ८ | प्रशासनिक सेवा शुल्क | २ लाख |
| ९ | मनोरञ्जन कर | ३ लाख |
| १० | दण्डजरिवाना तर्फ | १ लाख ४२ हजार |
| ११ | नाताप्रमाणित | २ लाख |
| १२ | व्यक्तिगत घटना दर्ता म्याद नाघेको | ४ लाख |
| १३ | प्रदुषण नियन्त्रण शुल्क | ५ लाख |
| १४ | घर नक्सा पास दस्तुर | २ लाख |
| १५ | सिफारिस दस्तुर | २० लाख |
| १६ | बैंक मौज्दात | ८० लाख |
| १७ | अन्य | ३३ लाख |
| जम्मा | | २ करोड ४२ हजार |

| प्रदेश तथा संघबाट प्राप्त अनुदान | | |
|---|---|---|
| १. | नेपालसरकार वित्तीय समानीकरण अनुदान | ११ करोड ६६ लाख |
| २. | नेपालसरकारबाट प्राप्त राजश्व बाडफाँड | ११ करोड १५ लाख ५२ हजार |
| ३. | शसर्त अनुदान- संघ | ६७ करोड ३६ लाख |
| ४. | समपुरक अनुदान- संघ | ८७ लाख |
| ५. | प्रदेशसरकार वित्तीय समानीकरण अनुदान | १ करोड ५४ लाख ४६ हजार |
| ६. | प्रदेशसरकारबाट प्राप्त राजश्व बाडफाँड | ३५ लाख ४६ हजार |
| ७. | शसर्त अनुदान- प्रदेश | ९ करोड ८४ लाख २६ हजार |
| ८. | समपुरक-प्रदेश | १ करोड |
| ९. | विषेश अनुदान- प्रदेश | ० |
| १०. | सामाजिक सुरक्षा | १३ करोड ५० लाख |
| जम्मा | | १ अरब १७ करोड २८ लाख ७० हजार |
| आन्तरिक आय | | २ करोड ४२ हजार |
| कूल जम्मा | | १ अरब १९ करोड २९ लाख १२ हजार |
| **आ.व. ०८२।०८३ को व्यय विवरण** | | |
| **क्षेत्रगत विनियोजन** | | |
| १ | आर्थिक विकास | ४ करोड २५ लाख १ हजार |
| २ | सामाजिक विकास | ४५ करोड ६४ लाख ३८ हजार |
| ३ | पूर्वाधार विकास | ५३ करोड ८६ लाख ७३ हजार |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ६५ लाख |
| ५ | सुशासन तथा संस्थागत विकास | १४ करोड ८८ लाख |
| | जम्मा | |
| जम्मा रु | | १ अरब १९ करोड २९ लाख १२ हजार |
| **कार्यक्रमगत विनियोजन** | | |
| १ | शिक्षा, युवा तथा खेलकुद | २५ करोड ८५ लाख |
| २ | स्वास्थ्य तथा पोषण | ५ करोड ८९ लाख ३८ हजार |

| | | |
|---|---|---|
| ३ | सामाजिक सुरक्षा | १३ करोड ५० लाख |
| ४ | स्वास्थ्य उपचार कोष | १५ लाख |
| ५ | महिला, बालबालिका तथा समाज कल्याण | २० लाख |
| ६ | उपप्रमुख पोषण कोशेली कार्यक्रम | ५ लाख |
| ७ | कृषि विकास | ५८ लाख २० हजार |
| ८ | पशु सेवा | ३७ लाख ५० हजार |
| ९ | रोजगार परियोजना | २ करोड ४४ लाख ३१ हजार |
| १० | सवारी साधन खरिद | ५० लाख |
| ११ | उद्यम विकास | २५ लाख |
| १२ | सहकारी/संघसंस्था | १० लाख |
| १३ | खानेपानी तथा सरसफाई | ४६ करोड २४ लाख ७३ हजार |
| १४ | पूर्वाधार योजना | १ करोड ५८ लाख |
| १५ | भुक्तानी बाँकी परियोजना | २० लाख |
| १६ | क्रमागत योजना | ८७ लाख |
| १७ | समपुरक आयोजनाहरु | १ करोड ८७ लाख |
| १८ | वडागत पूँजीगत | ३ करोड |
| १९ | मर्मत संभार कोष | १० लाख |
| २० | वन तथा वातावरण | ३५ लाख |
| २१ | विपद् व्यवस्थापन | ३० लाख |
| २२ | कार्यालय सञ्चालन तथा सेवा प्रवाह | ४ करोड |
| २३ | कर्मचारी पारिश्रमिक तथा सुविधा | ७ करोड ३४ लाख |
| २४ | पदाधिकारी सेवा सुविधा | १ करोड ३० लाख |
| २५ | नगर प्रहरी | १ करोड ५  लाख |
| २६ | सूचना प्रविधि | ४० लाख |
| २७ | अध्ययन अनुसन्धान | १० लाख |
| २८ | वडागत चालु | ६९ लाख |
| जम्मा रु. | | १ अरब १९ करोड २९ लाख १२ हजार |

**आदरणीय नगरसभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरु,**

मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट को कार्यान्वयनबाट आर्थिक तथा सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासन प्रवर्धन भई नागरिकको सरकार प्रतिको भरोसा र विश्वास स्थापना हुनेमा ठोस योगदान पुग्ने अपेक्षा गरेकी छु ।

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा उपयोगी राय सल्लाह सुझाव प्रदान गर्नु हुने संघ तथा प्रदेशका माननीय सांसदज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, सल्यान उद्योग बाणिज्य महासंघ, घरेलु महासंघ, बैंक/वित्तीय/सहकारीकर्मीहरु, निर्माण व्यवसायी, होटेल व्यवसायी, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता महासंघ, खानेपानी उपभोक्ता समूह, बाल/युवा सञ्जाल/आमा समूह/स्वास्थ्य स्वयं सेविका, विद्यालय व्यवस्थापन समिति, सामुदायिक क्याम्पस, शिक्षक, कर्मचारी, निजी क्षेत्र, सञ्चारकर्मी लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा,

यस नगरपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने सबै करदाता र कठिन अवस्थामा पनि हामीलाई निरन्तर सहयोग गर्ने गै.स.स. र साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोग रहने अपेक्षा समेत गरेकी छु ।

धन्यवाद !

जय नेपाल!

जय शारदा!

सुस्मिता सापकोटा सुनार

उपप्रमुख

**मिति २०८२ असार ५ गते**